

# १३ धुलोदेखि चम्किने ताराहरुसम्म

*<u>यस अध्यायका मूल पदहरू:</u>* दानिएल १२, रोमी ८:३४, लूका १०:२०, रोमी ८:१८, हिब्रू २:१४,१५, यूहन्ना १४:२९ र प्रकाश ११:३।

*<u>यस अध्यायको मूल सार पद:</u>* **"जो बुद्धिमानी वा ज्ञानी छन् तिनीहरू आकाशको चमक जस्तै चम्किनेछन्। जसले धेरैलाई धार्मिकतामा डोऱ्याउँछन् तिनीहरू ताराहरू जस्तै सदासर्वदा चम्किरहनेछन्" (दानिएल १२:३ रूपान्तरित)।**

राजा नबुकदनेसरले यहूदामा आक्रमण गरेर धेरैलाई युद्धबन्दी बनाएर लगेको बृतान्त दिंदै दानिएलको पुस्तक सुरु हुन्छ। तर त्यसको ठिक बिपरीत बेबिलोनरूपी युगको अन्तमा परमेश्वरका जनहरूलाई उद्धार गर्न मिखाएल खडा हुनुभएको दृश्यले दानिएलको पुस्तकलाई निष्कर्षमा ल्याउँछ। दानिएलको पुस्तकभरि अन्तमा, हो, युगको अन्तमा परमेश्वरले उहाँका जनहरूको पक्षमा सबै थोक गर्नुहुन्छ भनेर देखाइएको छ।

दानिएल र उनका सहयोगी मित्रहरू परमेश्वरप्रति निष्ठावान भएका र निर्वासित जीवन बिताएर नै अनेकौं चुनौति र सङ्कष्ट भोग्नु परेतापनि तिनीहरूले बेबिलोनका बुद्धिमानीहरूको दाँजोमा आफूहरू अत्यन्तै बुद्धिमानी भएको प्रमाणित गरेका थिए। त्यसरी नै जब अन्तको समयमा सङ्कटको सामना गर्नुपर्नेछ तब परमेश्वरका जनहरू पनि आस्थावान र निष्ठावान भएर अडिग भएर बस्नेछन्। तिनीहरूले सामना गर्ने सङ्कटको समय राष्ट्रको सुरूदेखि कहिल्यै पनि भएको थिएन (दानिएल १२:१)। बेबिलोनमा दानिएल र उनका साथीहरू सरह अन्तको समयमा रहेका परमेश्वरका जनहरूले पनि उच्चकोटीको बुद्धि र समझशक्तिलाई देखाइनेछन्। व्यक्तिगतरूपमा तिनीहरूमा हुनुपर्ने बुद्धिलाईमात्र अनुभव गर्दैनन् तर तिनीहरूमा भएको बुद्धिले गर्दा

परमेश्वरमा समर्पित हुनेछन् र अरूलाई पनि धार्मिकताको बाटोमा डोऱ्याउनेछन्। कतिपय निष्ठावान् मानिसहरू मर्नेछन् र मारिनेछन्। दुष्टहरूले तिनीहरूलाई धुलो पिठो पार्नेछन् तर तिनीहरूलाई अनन्त जीवनको निम्ति उठाइनेछ। बाइबलले प्रष्टरूपमा भन्दछ, "पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि" (दानिएल १२:२)।

## १. मिखाएल, हाम्रो राजकुमार

**दानिएल १२:१मा समयको अन्तमा इतिहासको मोड कसले परिर्वतन गर्छन्? हेर्नुहोस् "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरूकामाझ सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्।" यसै सन्दर्भमा देहायका पदहरूले माथिको पदलाई कसरी बुझाउँछ? हेर्नुहोस्, रोमी ८:३४ "दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ।" र हिब्रू ७:२५ "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।"**

प्रायजसो दानिएलको प्रत्येक अध्याय यस संसारको मूर्तिपूजक शासकको नाउँ दिएर सुरु गरिएको छ। अध्याय १२मा पनि शासकको नाउँ उल्लेख गरिएको छ। तर यसमा संसारको क्षणिक शासक नभएर ईस्वरीय राजकुमारको नाउँ दिइएको छ जो परमेश्वरका जनहरूलाई तिनीहरूका शत्रुहरूको हातबाट छुटाउन उठ्नुहुनेछ।

**दानिएल १०को अध्ययनमा मिखाएल त्यही शक्तिशाली स्वर्गको जीव हुनुहुन्छ जो दानिएलकहाँ टाइग्रिस नदीमा देखा पर्नुभएको थियो। त्यहाँ उहाँ परमेश्वरका जनहरूको निम्ति स्वर्गको प्रतिनिधिकोरूपमा देखापर्नुभएको थियो। दानिएल ७मा उहाँ मानिसको पुत्र, दानिएल ८मा सेनाहरूको राजकुमार वा प्रमुख र दानिएल ९मा उहाँ राजकुमार मसीह भनेर उहाँलाई चिनाइएको छ। यसकारण, मिखाएल जसको अर्थ "परमेश्वर जस्तो को हुनुनुहुन्छ?" अरू कोही नभएर येशू आफै हुनुहुन्छ।**

मिखाएलले हस्तक्षेप गर्नुभएको समय जान्नु महत्त्वपूर्ण छ। "त्यस समय" भनेर दानिएल १२:१मा दिइएको छ। यो दानिएल ११:४०-४५मा उल्लेख गरिएको समयलगत्तै व्यक्त गरिएको छ। यो समय पोपको अस्थायी पतन भएको सन् १७९८देखि अन्तको समयमा पुनरुत्थानसम्म फैलिएको छ। "देखा पर्छन्" वा कतिपय अङ्ग्रेजी बाइबलमा "उभिनुहुन्छ" भनेर मिखाएलको कामलाई दानिएल १२:१मा सम्बोधन गरिएको छ। यसले उहाँको क्रियाकलापलाई जनाउँछ। जब कुनै राजाहरूले युद्ध गर्न र शासन गर्छन् तब त्यसबेला ती राजाहरू खडा भए भनेर देखाइन्छ। यो क्रियापदले प्रायजसो सैनिकको मामिलालाई औंल्याउँछ। अब दानिएल १२:१ अनुसार मिखाएल सैनिक शासकको रूपमा क्रियाशील हुनुभएको देखाउँछ। उहाँका जनहरूलाई उहाँले रक्षा गर्नुहुन्छ र परमेश्वर र शैतानको बीचमा भइरहेको महान् अन्तर्द्वन्द्वको अन्तिम क्षणहरूमा तिनीहरूलाई उहाँले अगुवाई गर्नुहुन्छ।

दोस्रो, "देखा परेको वा उभिनुभएको" भन्ने क्रियापदले अदालतमा हुने न्यायको दृश्यलाईँ औंल्याउँछ। स्वर्गको अदालतमा मिखाएल वकिल भएर "खडा" हुनुहुन्छ। मानिसको पुत्र हुनुभएको हैसियतले उहाँ प्राचीनको सामु परमेश्वरका जनहरूको प्रतिनिधि भएर छानबिनको न्यायमा आउनुहुन्छ (दानिएल ७:९-१४)। यसरी मिखाएलको देखापर्ने वा उभिने कामले उहाँको सैनिक र न्यायिक पक्षलाई बुझाउँछ। अर्को शब्दमा भन्ने हो भने परमेश्वरका शत्रुहरूलाई परास्त गर्ने शक्ति र अधिकार उहाँमा भएको देखाउँछ भने स्वर्गको अदालतमा परमेश्वरका जनहरूको प्रतिनिधि हुने अधिकार भएको पनि बुझाउँछ।

हाम्रो खातिर मिखाएल उभिरहनुभएको छ भन्ने थाहा पाउनुको अर्थ के हो? उहाँ पौराणिक इतिहासमामात्र होइन अहिले पनि स्वर्गको अदालतमा हाम्रो निम्ति पहल गरिरहनुभएको छ। हामी पापी भएको कारण त्यसले हामीलाई कस्तो आशा दिंदछ?

## २. पुस्तकमा लेखिएको

**दानिएल १२:१मा जीवनको पुस्तकमा नाम लेखिएकाहरू बचाइनेछन् भनिएको छ। त्यसको अर्थ के हो?**

मिखाएलले हस्तक्षेप गर्ने समय यस्तो दुःखको समय हुनेछ जो विश्वको इतिहासमा कहिल्यै पनि आएको थिएन। यो त्यस समयसँग मिल्दछ जब परमेश्वरको आत्मा विद्रोही मानव जातबाट फिर्ता हुनेछ। अनि प्रकाशको

पुस्तकमा (प्रकाश १६, १८:२०-२४) लेखिएको अन्त्यको समयको बेबिलोनमाथि परमेश्वरको क्रोधको रूपमा सात महाबिपत्ती खनिनेछन्। अनि अन्धकारका शक्तिहरू यस पृथ्वीमा छोडिनेछ। यस समयको बारेमा एलेन जी ह्वाइट भन्नुहुन्छ, "यस संसारमा भएका सबै बासिन्दाहरूलाई शैतानले एक ठूलो र अन्तिम अशान्ति र कष्टमा डुवाउनेछ। जब मानिसहरूका आवेगले ल्याउने भयङ्कर दुःखको बतासलाई परमेश्वरका स्वर्गदूतहरूले रोक्न छोड्दछन् तब सबै झगडा र विवादका तत्वहरू छाडा छोडिनेछन्। सारा संसार यस्तो भयानक बिनाशमा पर्नेछ जुन पौराणिक यरुशलेममा आएको भन्दा चर्को हुनेछ।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ६१४बाट रूपान्तरित।

तर महाकष्टको समयमा परमेश्वरका जनहरूलाई उद्धार गरिनेछ किनभने स्वर्गको अदालतमा भएको छानबिनको न्यायमा तिनीहरूलाई येशूले आफू स्वर्गको मूल पूजारी हुनुभएको हैसियतले निर्दोष सिद्ध ठहऱ्याउनु हुन्छ र तिनीहरूका नाउँ जीवनको पुस्तकमा लेखिसकेको हुनेछ।

यसमा उल्लेख गरिएको पुस्तकलाई बुझ्न बाइबलले दुई किसिमका पुस्तकहरूको बारेमा उल्लेख गरेको छ। एउटामा मुक्ति पाएका परमेश्वरका जनहरूको नाउँ लेखिएको हुन्छ जसलाई जीवनको पुस्तक भनेर पनि कहिलेकाहीँ सम्बोधन गरिएको छ (प्रस्थान ३२:३२, लूका १०:२०, भजन ६९:२८, फिलिप्पी ४:३, प्रकाश १७:८)।

जीवनको पुस्तकबाहेक मानिसहरूका कामहरूको लेखा राख्ने पुस्तक पनि हुन्छ भनेर पवित्र धर्मशास्त्रले बताउँछ (भजन ५६:८, मलाकी ३:१६, यशैया ६५:६)। परमेश्वरप्रति आस्थावान र निष्ठावान भएर समर्पित जीवन बिताउने व्यक्तिको नाउँ ती पुस्तकमा लेखिएको हुन्छ र त्यसकै आधारमा स्वर्गको अदालतले तिनीहरूको मुक्तिको निर्णय गर्नेछ। त्यस स्वर्गको लेखा वा दस्तावेजहरूमा प्रत्येक मानिसको नाउँ र कामहरू लेखिएका हुन्छन्। कतिपय मानिसहरूले तिनीहरूको नाउँ र तिनीहरूका कामहरू स्वर्गमा लेखिएको हुन्छ भन्ने कुरालाई ठट्टाको रूपमा लिन्छन्। तर जब हामी हाम्रो जीवनलाई येशू ख्रीष्टलाई सुम्पन्छौं तब न्यायको अदालतमा हाम्रा खराब कामहरू मेटिन्छन् र हाम्रो नाउँ जीवनको पुस्तकमा सारिन्छ। स्वर्गमा भएको यस लेखा वा दस्तावेजलाई सारा जगतको सामु पेश गरिनेछ। हामीले येशूलाई विश्वास गरेको कारणले हामी निर्दोष सिद्ध भएको प्रमाण उहाँले स्वर्गको अदालतमा पेश

गर्नु हुन्छ। त्यसको आधारमा महाकष्टको समयमा हामी येशूमा रहेको कारणले सुरक्षा दिने अधिकार उहाँमा भएको दावी गर्नुहुनेछ।

**येशूको धार्मिकतालेमात्र हाम्रो नाउँ जीवनको पुस्तकमा लेखिन किन सिफारिस गरिएको छ?**

## ३. पुनरुत्थान

**दानिएल १२:२,३मा कुन घट्नाको बारेमा चर्चा गरिएको छ? मृत्युको बारेमा हामीलाई ज्ञान भएको सन्दर्भमा हाम्रो निम्ति यहाँ उल्लेख गरिएको घट्ना किन महत्त्वपूर्ण छ? हेर्नुहोस् "२ पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि। ३ बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्।"**

आउने पुनरुत्थानको बारेमा गरिएको सम्बोधनमा पुरानो करारको पुस्तक दानिएलमा दानिएलले अत्यन्तै स्पष्टसँग कोरेका थिए भने पनि हुन्छ। जब हामी यस अंशलाई ध्यान दिन्छौं तब यसमा धेरै महत्त्वपूर्ण तथ्यहरू सिक्छौं। पहिलो, "सुत्नु" भन्ने शब्द प्रयोग गर्दा मानिसको शरीरमा कुनै अमर आत्माले बास गर्छ भन्ने देखाउँदैन। मानिस शारीरिक, मानसिक र आत्मिक रूपमा विभाजन नगरिएको एक जीव हो। जब मानिस मर्दछ तब त्यो मानिस अस्तित्वविहीन हुन्छ र पुनरुत्थान नहुञ्जेल अचेत नै रहन्छ। दोस्रो, आउने पुनरुत्थानचाहीँ पापको परिणामले निर्धारित हुनेछ भनेर वर्णन गरिएको छ। दानिएल १२:२मा लेखिएको "पृथ्वीको धुलो वा माटो" भन्ने शब्द सुरूको भाषामा "माटो वा धुलोको पृथ्वी" भनेर अनुवाद गरिएको छ। उत्पत्ति ३:१९मा पृथ्वीलाई माटो भनेर उल्लेख गरिएको छ। आदमको पतनपछि मानिस माटो वा धुलोमा मिसिने वा माटो वा धुलोले रजाइँ गर्नेछ अब पुनरुत्थानमा परमेश्वरका जनहरू माटो वा धुलोमा मिसिनेछैनन् वा माटो वा धुलोले रजाइँ गर्ने छैन। पावल भन्दछन्, "मृत्युलाई बिजयले निलेको छ" (१ कोरन्थी १५:५४ रूपान्तरित)।

हामीले मृत्युदेखि डराउनु आवश्यक छैन भनेर देहायका पदहरूले कसरी बताउँदछ? हेर्नुहोस्, रोमी ८:१८-२१ "१८ म विचार गर्दछु, कि हामीमा जुन महिमा प्रकट गरिनेछ, त्यससँग वर्तमान समयका कष्टहरू तुलना गर्न योग्य छैनन्। १९ सृष्टि बड़ो उत्कण्ठाले परमेश्वरका पुत्रहरू प्रकट हुने

कुराको प्रतीक्षा गर्छ। २० सृष्टि व्यर्थताको वशमा पारियो, त्यसको आफ्नै इच्छाले होइन, तर उहाँको इच्छाले, जसले त्यसलाई वशमा पार्नुभयो, यसै आशामा, २१ कि सृष्टि त्यसको आफ्नै विनाशको बन्धनबाट मुक्त गराइनेछ, र त्यसले पनि परमेश्वरका सन्तानको महिमित स्वतन्त्रता प्राप्त गर्नेछ।" र हिब्रू २:१४,१५ "१४ किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, १५ र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन्।"

यस संसारमा मृत्युले सर्बनाश गरिरहेको छ। कतिपयको निम्ति जीवनको अन्त नै मृत्युमात्र भएको हुन्छ। तर परमेश्वरका पवित्र तथा निष्ठावान् जनहरूको निम्ति मृत्यु अन्त्य होइन भनेर प्रतिज्ञा गरिएको छ। मृत्यु पराजित भएको शत्रु हो। जब येशूले मृत्युको साङ्लोलाई तोड्नुभयो र चिहानबाट पुनरुत्थान हुनुभयो उहाँले मृत्युलाई मरणासन्न हुने गरि चुट्नुभएको थियो। अब हामी यस संसारको अस्थायी मृत्युको वास्तविकताबाट अनन्त जीवनको वास्तविकतामा पस्न सक्छौं जुन येशूद्वारा हामीलाई दिनुहुनेछ। किनभने मिखाएल देखापर्नुहुन्छ वा उभिनु हुन्छ (दानिएल १२:१)। जो उहाँका हुन् तिनीहरू पनि उभिनेछन्। तिनीहरू पृथ्वीको माटो वा धुलोबाट उठ्नेछन् र सदाको निम्ति ताराहरू जस्तै चम्किनेछन्।

**दुःखकष्ट पीडा र अनेकौं संघर्षको अन्तमा आएर पुनरुत्थान हुनेछ भन्ने प्रतिज्ञाले हामीलाई कस्तो आशा र सान्त्वना मिल्दछ? साँचै भनौंभने यस संसारमा जे भएतापनि, जसले जे गरेतापनि, जोसुकै भएतापनि त्यो केही पनि होइन रहेछ भनेर हामीले कसरी महसुस गर्ने?**

## ४. लालमोहर लगाइएको पुस्तक

**समयको अन्तसम्म दानिएलको पुस्तक किन लालमोहर लगाएर बन्द गरिएको थियो भनेर देहायका पदहरूले किन भन्दछ? दानिएल १२:४ "तर तिमीचाहिँ, हे दानिएल, यस चर्मपत्रका मुट्ठाका वचनहरू अन्तको समयसम्म बन्द गरी मोहोर लगाएर राख। धेरै जना ज्ञान बढ़ाउनलाई यता र उता जानेछन्।" र यूहन्ना १४:२९ "अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक।"**

दानिएलको पुस्तकको अन्तिम तथा मुख्य निष्कर्ष (दानिएल १०:१-१२:४) समयको अन्तसम्मको लागि मुठा वा दानिएलको पुस्तकलाई सिलबन्दी गर्न अगमवक्ताले आदेश पाउँछन्। त्यसैबेला स्वर्गदूतले यो भविष्यवाणी गर्दछन् "धेरै मानिसहरू यताउता दगुर्नेछन् र ज्ञान बढ्नेछन्" (दानिएल १२:४ रूपान्तरित)। दानिएल पुस्तकका कतिपय विद्वानहरूले ज्ञान बढ्नुको अर्थ वैज्ञानिक क्षेत्रमा विकास हुनु भनेका छन् साथै मानिसहरू यताउति दगुर्नुको अर्थ दानिएलको पुस्तकको खोजि वा त्यसको अर्थको खोजी गर्नेछन् भनेर मानेका छन्। यदि हामीले इतिहासमा हेऱ्यौं भनें शताब्दीयौंसम्म दानिएलको पुस्तक रहस्यमय साहित्यले भरिएको हामी पाउँछौं। कतिपय समयमा वा कतिपय ठाँउहरूमा यस पुस्तकको बारेमा अध्ययन गरियो होला तर त्यसको कतिपय मुख्य शिक्षा र भविष्यवाणीहरू रहस्यमय नै भइरहेको थियो। जस्तै उदाहरणको लागि ती केही शिक्षाहरूमाः स्वर्गको पवित्र मन्दिरको पुनअर्पण वा शुद्धीकरण, न्याय, सानो सिङ को हो भन्ने पहिचानको बारेमा र कतिपय भविष्यवाणीहरू कतिपयलाई स्पष्ट थिएन।

तर प्रोटेस्टेन्ट रिफोर्मेशन वा इसाई सुधारवादी आन्दोलन पछि धेरै मानिसहरूले दानिएलको पुस्तक पढ्न थालेका थिए। समयको अन्तमा मात्रै यो पुस्तक खोलिएको थियो र यसका विषयबस्तुहरू उघारिएका थिए। यस मामिलामा एलेन जी ह्वाइट भन्नुहुन्छ, "सन् १७९८देखि दानिएलको पुस्तकको सिलबन्दी तोडिएको छ। यसमा लेखिएका भविष्यवाणीका ज्ञानहरू बढेका छन् र धेरैले न्याय नजिकै छ भन्ने गम्भीर सन्देशको घोषणा गरेका छन्।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ३५६बाट रूपान्तरित।

"अठारौं शताब्दीको अन्त्यमा र उन्नाइसौं शताब्दीको सुरुमा दानिएल र प्रकाशको पुस्तकमा लेखिएको भविष्यवाणीहरू सम्बन्धी संसारका विभिन्न ठाउँहरूमा बढी चासो देखाएर अध्ययन गर्न जागेका थिए। ती पुस्तकमा लेखिएका भविष्यवाणीहरूको अध्ययनले येशूको दोस्रो आगमन छिटै हुने सन्देश जताततै फैलिएको थियो। बेलायतका धेरै बाइबलका विद्वानहरू, मध्यपूर्वका जोसेफ उल्फ, अमेरिकाको विलियम मिलर र अरू धेरैले दानिएलको पुस्तकको भविष्यवाणीहरू पढेपछि येशूको दोस्रो आगमन नजिकै छ भनेर विश्वस्त भएका थिए। आज, त्यही विश्वास नै विश्वभरी येशूको आगमन नजिक छ भन्ने सन्देश फैलाउने आन्दोलनको ज्वाला भइरहेको छ।"-*द सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरी,* ठेली ४, ८७९बाट रूपान्तरित।

अहिले हामी इतिहासको पछाडि फर्केर हेर्दा दानिएलका ऐतिहासिक भविष्यवाणीहरू कसरी पूरा भएका छन् भन्ने ज्ञान थाहा पाउनु हाम्रो निम्ति कति धेरै फाइदाको कुरा छ, सो सोच्नुहोस्। परमेश्वरले गर्नुभएका अरू प्रतिज्ञाहरू पनि पूरा हुनेछन् भन्ने कुरामा कसरी भरोसा राख्न सकिन्छ?

## ५. कुर्ने समय

दानिएल १२:५-१३ अनुसार दानिएलको पुस्तक कसरी निष्कर्षमा पुऱ्याइएको छ? हेर्नुहोस् "५ तब म, दानिएलले हेरें र मेरो सामु अरू दुई जना उभिए, एक जना नदीको यतापट्टि किनारमा र एक जना अर्कोपट्टि किनारमा। ६ तीमध्ये एक जनाले नदीको पानीमाथि हुने मलमलको लुगा लगाउनेलाई भने, "यी अचम्मका कुराहरू पूरा हुन अघि कति समय लाग्ला?" ७ त्यस नदीका पानीमाथि हुने मलमलको लुगा लगाएका मानिसले आफ्नो दायाँ हात र बायाँ हात स्वर्गतिर उठाए, र सदासर्वदा रहनुहुनेको नाममा यसो भनेर तिनले शपथ खाएका मैले सुनें, "यो साढ़े तीन वर्षका निम्ति हुनेछ। जब पवित्र जनहरूको शक्ति अन्तमाः तोड़िनेछ, तब यी सबै कुरा पूरा हुनेछन्।" ८ मैले सुन्न त सुनें, तर बुझिनँ। यसकारण मैले सोधें, "मेरा प्रभु, यी सबै कुराको परिणाम के हुनेछ?" ९ तिनले जवाफ दिए, "हे दानिएल, तिम्रो आफ्नो बाटो लाग, किनभने यी वचनहरू अन्तको समयसम्मको लागि बन्द गरी मोहोर लगाइएका छन्। १० धेरै जना शुद्ध पारिनेछन्, दागरहित बनाइनेछन् र खारिनेछन्, तर दुष्टहरूचाहिँ दुष्ट काम गर्दैजानेछन्। दुष्टहरूमध्ये कसैले पनि बुझ्नेछैन, तर बुद्धिमान्हरूले बुझ्नेछन्। ११ "दैनिक बलिदानको काम हटाएर विनाशकारी घृणित थोकको स्थापना गरिएको समयदेखि जम्मा एक हजार दुई सय नब्बे दिन हुनेछन्। १२ त्यो मानिस धन्य हो, जो पर्खन्छ र एक हजार तीन सय पैंतीस दिनको अन्तसम्म पुग्छ। १३ "तिमीचाहिँ अन्तसम्मै आफ्नो बाटो लाग। तिमीले विश्राम गर्नेछौ, र त्यसपछि तोकिएको उत्तराधिकार प्राप्त गर्नलाई तिमी दिनहरूको अन्तमा खड़ा हुनेछौ।"

यो विषय रोचक छ कि दानिएलले अन्तिम स्वप्नदर्शन नदी वा टाइग्रिसमा देख्दछन्। त्यही ठाउँमा उनले अन्तिम मुख्य स्वप्नदर्शन देखेका थिए (दानिएल १०:४)। यद्यपि जुन शब्द यहाँ प्रयोग गरिएको थियो हिब्रू भाषामा प्रयोग गरिएको नदी नभएर ye'or यीयोर हो जुन् शब्दले प्रायजसो नाइल नदीलाई सम्बोधन गरिन्छ। जसरी प्रस्थानको पुस्तकमा भनिए अनुसार

परमेश्वरले इस्राएलीहरूलाई इजिप्टबाट उद्धार गर्नुभयो त्यसरी नै अन्तको समयमा परमेश्वरले आफ्ना जनहरूलाई उद्धार गर्नुहुनेछ।

तीनवटा भविष्यवाणीको समय तालिका दिइएको छ। पहिलो त समय, समयहरू र आधा समय अर्थात् साढे तीन वर्ष-यसले "यी अचम्मका कुराहरू पूरा हुन अघि कति समय लाग्ला?" (दानिएल १२:६)भन्ने प्रश्नको जवाफ दिन्छ। "अचम्म" भन्नाले दानिएल ११मा चित्रण गरिएका दर्शनहरूलाई सम्बोधन गर्दछ जुन दानिएल ७ र ८मा विस्तृत व्याख्या गरिएको छ। बिशेष गरेर यो समय दानिएल ७:२५मा दिइएको छ भने प्रकाश ११:३,१२:६,१४ र १३:५मा उल्लेख गरिएको छ। यसले १२६० वर्षसम्म पोपको प्रभुत्त्वलाई जनाउँछ जुन सन् ५३८देखि १७९८सम्म फैलिएको थियो। कतिवर्षसम्म हुन्छ भनेर समय नतोकिएतापनि परमेश्वरका भक्तजनहरूलाई सताउने त्यही शक्ति हो जुन दानिएल ११:३२-३५मा उल्लेख गरिएको थियो।

"मैले सुन्न त सुनें तर बुझिंन।यसकारण मैले सोधें, "मेरा प्रभु, यी सबै कुराको परिणाम के हुनेछ?" को जवाफमा अरू दुई समय तालिकाहरू दिइएको थियो। ती हुन् १२९० र १३३५ दिनहरू। सुती कपडा लगाएको मानिसलाई दानिएल आफैले त्यो प्रश्न गरेका थिए। दुवै समय तालिका "दैनिक बलिदान" हटाएर र विनाशकारी घृणित कुराको स्थापना गरेको समयमा सुरु हुन्छ। दानिएल ८को पाठवाट हामीले सिक्यौं कि दैनिक बलिदान भन्नाले हाम्रो निम्ति येशूको निरन्तर प्रार्थना वा विन्तिलाई जनाउँछ जुन नक्कली आराधना गर्ने प्रणालीले ठाउँ लिएको थियो। यो भविष्यवाणीको मिति सन् ५०८मा सुरु भएको थियो जब फ्रान्सका राजा क्लोभिसले रोमन क्याथोलिक धर्म अङ्गालेका थिए। त्यस महत्त्वपूर्ण घट्नाले चर्च र राज्यको बीचमा एकता हुन पुगेको थियो। यो गठबन्धन मध्यकालीन युगभरि फैलिएको थियो। अनि १२९० दिनहरू सन् १७९८मा अन्त्य भएको थियो जब पोपलाई फ्रान्सका सम्राट् नेपोलिएनले पक्रेका थिए। अनि दानिएलको पुस्तकमा उल्लेख गरिएको १३३५ दिनको अन्तिम भविष्यवाणीको समय सन् १८४३मा अन्त्य भएको थियो। त्यो त्यही समय थियो जब अमेरिकामा येशू आउनुहुनेछ भन्ने आन्दोलन विलियम मिलरले चलाएका थिए। त्यसबेला धेरै मानिसहरे बाइबलमा दिइएका भविष्यवाणीहरू गम्भीररूपमा अध्ययन गरेका थिए। यो येशूको तत्कालै आगमनको निम्ति आशावादी हुँदै कुर्ने समय थियो।

दानिएलको पुस्तकभरि दुई मूल विषयहरू देखा परेको हामी पाउँछौं: परमेश्वरका जनहरूलाई सताइनेछ र अन्तमा तिनीहरूलाई निर्दोष ठहऱ्याइनेछ र तिनीहरूको उद्धार गरिनेछ। तत्काल हामीले जे दुःख झेलिरहेतापनि त्यो वास्तविकताले हामीलाई परमेश्वरमा निष्ठावान् भएर बस्न कसरी हौशला प्रदान गर्दछ?

**उपसंहारः**

थप जानकारीः " न्यायको दिनको ढोका नखोलिउञ्जेल भविष्यवाणीहरू क्रमिकरूमा पूरा हुँदै जानेछन् भनेर प्रस्तुत गरिएको छ। विशेष गरेर दानिएलको पुस्तकले त्यस सत्यतालाई बताउँछ। तर अन्तको समयमा हुने घट्नाको भविष्यवाणीको भाग दानिएललाई अन्तको समय नआउञ्जेल लालमोहर लगाइ बन्द गरिराख्नु भनेर अऱ्हाइएको थियो। जबसम्म भविष्यावाणी पूरा भएको आधारमा समय आउँदैन तबसम्म न्यायको सन्देशको बारेमा घोषणा वा प्रचार गरिदैन। तर समयको अन्तमा अगमवक्ताले भन्दछन् 'धेरै मानिसहरू यताउति दगुर्नेछन् र ज्ञान बढ्नेछ' दानिएल १२:४।

"आफ्नै दिनमा येशू ख्रीष्ट आउनुहुनेछ भनेर अपेक्षा नगर्नु भनेर प्रेरित पावलले चर्चलाई चेतावनी दिएका थिए। 'त्यो दिन तबसम्म आउनेछैन' उनी भन्दछन् "जबसम्म पहिला पतित वा विद्रोह हुँदैन र पापको मानिस अर्थात् सर्वनाशको छोरो देखापर्दैन।' २ थेस्सोलिनिकी २:३। जबसम्म येशूलाई विश्वास गर्छु भनेर दावी गर्नेहरू जमातैले उहाँलाई त्याग गर्दैनन् र पापको मानिसले लामोसमयसम्म रजाइँ गर्दैन तबसम्म हाम्रो प्रभुको आगमन हुन्छ भन्ने अपेक्षा गर्न सकिदैन। त्यो पापको मानिसले आफ्नो दुष्टयाईंलाई रहस्यमै राख्दछ। त्यो पतितको छोरो हो। त्यो दुष्ट हो। त्यो पोपतन्त्र हो जसले १२६० वर्षसम्म इसाई संसारमा आफ्नो प्रभुत्त्वलाई कायम राखेको थियो। त्यो अवधि सन् १७९८मा अन्त्य भएको थियो। त्यो समयभन्दा अघि येशूको आगमन हुनसकेको थिएन। इसाई इतिहासमा सन् १७९८ नपुगुञ्जेल येशूका विश्वासीहरूलाई उहाँको आगमन चाँडै हुन्छ भन्ने कुरा अपेक्षा नगर्न सतर्क गराएका थिए। सन् १७९८पछिमात्र येशूको दोस्रो आगमनको सन्देश घोषणा गर्नुपर्ने थियो।"-एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ३५६बाट रूपान्तरित

**चिन्तनमनन्:**

अ. संसारको अन्त त्यसबेला हुन्छ वा येशूको आगमन यो मितिमा वा त्यो मितिमा हुन्छ भनेर समय तोक्नु आत्मिक स्वास्थ्यको निम्ति किन खतरा छ? येशूको आगमन वा संसारको अन्त्यको बारेमा घोषणा गर्दा अपेक्षा गरे अनुसार नहुँदा कतिपय मानिसहरूको विश्वासमा के भएको थियो? यस मामिलामा यूहन्ना १४:२९मा येशूले हामीलाई के निर्णायक शब्दहरू बोल्नुभएको थियो जसमा भविष्यवाणीहरू हाम्रो आत्मिक फाइदाको निम्ति हो तर झुठा वा अनुमानित दिनहरू तोक्ने बानी वा विश्वास गर्नुबाट हामीले जोगिनुपर्छ भनेर सिकाउँदछ? हेर्नुहोस्, "२८ "मैले तिमीहरूलाई 'म गइरहेछु, र तिमीहरूकहाँ आउँछु' भनेको तिमीहरूले सुन्यौ। तिमीहरूले मलाई प्रेम गरेका भए म पिताकहाँ जाँदैछु भनेको सुनेर तिमीहरू रमाउनेथियौ, किनकि पिता मभन्दा महान् हुनुहुन्छ। २९ अब यो हुन अघि नै मैले तिमीहरूलाई भनिदिएको छु, र जब यो हुन आउँछ तिमीहरूले विश्वास गर्न सक।" (यूहन्ना १४:२८-२९)।

आ. अहिले हामीले जिइरहको समयलाई हामी के भन्ने त? द्रुतगतिमा चलेको सञ्चार, वैज्ञानिक जगतमा जे जे अचम्मका आविश्कारहरू भइरहेका छन् तर तिनीहरू सबै मानव कल्याणकै निम्ति भइरहेका छन् भन्ने छैन। तर आज विज्ञानको नाउँमा अनेकौं आतङ्ककारी क्रियाकलापहरूले सबैको मनलाई सिरिङ्ग पारी रहेको छ। कहिले पनि नभएको दुःखको समय अहिले आएको छ भनेर विश्वास गर्न गाऱ्हो होला र?

इ. जीवनको पुस्तकमा हाम्रो नाउँ केवल येशूको धार्मिकतालेमात्र लेखिन्छ भन्ने सत्यमात्र हाम्रो जीवनको महान् आशा हो भन्ने कुरा हामीमा भएन भने हामीले जिउनुको औचित्य नै के रहला र?

## कथा १३

## हर्षले भावविभोर हुँदा बगेको आँशुको बलिन्द्र धारा

### आन्द्र्यु मेकचिस्नी

क्यानाडाकी विद्यार्थी लारिसा म्याडलिन भान बोमेल जर्मनको विश्वविद्यालयमा पढिरहेकी थिइन्। एक पटक उनको दिन खराब भइरहेको थियो। प्रथमतः उनी जर्मनको फ्रान्कोफोर्ट सहरमा डुल्दै गर्दा उनी हराइन्। यताउति चहार्दै उनी कोही नभएको एउटा खालि चर्चमा पसिन्। उनकी आमा मरेपछि परमेश्वरमाथिको विश्वास उनले गुमाएकी थिइन्। दुई वर्षसम्म उनी चर्च गएकी थिइनन् र प्रार्थना पनि गरेकी थिइनन्।

"चर्चभित्र मेचमा बसेर मैले प्रार्थना गर्न थालें। रुँदै कराउँदै मैले प्रार्थना गरे, 'हे प्रभु तपाईं हुनुहुन्छ भने मलाई सङ्केत दिनुहोस्।'" उनले भनिन्। आँसु पुछेर भान बोमेल रेलवे स्टेशन गइन् र उनी सही ठाउँमै पुगिन् । तर उनी अलमलमा परेकी हुनाले बेनशिम-औरबाखमा झर्नुकोसट्टा अन्तै ओर्लिइन्।उनी जाने ठाउँको रेल बेलुकिपखमा मात्र आउँथ्यो। उनी थाकेकी थिइन् र उनलाई तिर्खा पनि लागेको थियो। उनले पानी पिउन पानी खोजिन्। पानी किन्ने ठाउँ नजिक कतै पनि थिएन र प्राय सबै पसलहरू बन्द देखिन्थे।

रेलवे स्टेशनको केही पर एउटा भवनको अगाडि एउटा टेबुल र त्यहाँ केही कपहरू भएको उनले देखिन्। उनी अत्यन्तै तिर्खाएकी थिइन्। त्यस भवनको झ्यालभित्र उनले हेरिन्। त्यहाँ भान्सा कोठाको टेबुल वरिपरि केही युवायुवतीहरू खाना खाँदै थिए। उनी पनि नडराइकन त्यस भवनको ढोकामा आइन् र एक ग्लास पानी किन्न पाइन्छ कि भनेर सोधिन्। त्यहाँका मानिसहरूले उनलाई भित्रै बोलाए र पानीसँगै खाना खानसमेत बोलाए।

भान बोमेल त अचानक सेभेन्थ-डे एडभेन्टिस्ट सामुदायिक केन्द्र होप सेन्टरमा पो पसेकी रहेछिन्। त्यहाँ मानिसहरू शैक्षिक र आत्मिक सेमिनारहरूमा भाग लिन्छन्, स्वस्थ खानाका परिकार बनाउने कक्षा संचालन वा कसैलाई आराम गर्न मन लाग्यो भने पनि त्यहाँ आउँछन् र पैसा तिर्न नपर्ने वाइफाइ चलाउँछन्। जर्मनको होप च्यानलको प्रेरणाद्वारा होपसेन्टरहरू स्थापना भएका थिए। सन् २०१७ मा जर्मनीमा दुईवटा सेन्टरहरू स्थापना भएका थिए। र अरू १४वटा होप सेन्टरहरू खोल्ने कार्यक्रम पनि राखिएका छन्।

खाना खान बसेपछि भान बोमेलले झ्यालमा "होपसेन्टर" लेखिएको ठूला ठूला अक्षरहरू देखिन्। त्यसको बारेमा त्यहाँ भेलाभएका युवायुवतीहरूलाई उनले सोधिन्। त्यहाँका मानिसहरूले उनीहरू इसाई भएको र तिनीहरूको एडभेन्टिस्ट चर्चले मानिसहरूसँग घुलमिल गर्न र साथी बनाउन होप सेन्टर स्थापना भएको हो भनेर बताए। भान बोमेलले आफूले परमेश्वरको अस्तित्व देखाउन परमेश्वरसँग प्रार्थना गरेको कुरा सम्झिन्। "त्यसबेला म रुन थालें र त्यहाँका मानिसहरूलाई भनें कि दुई घन्टा अघिमात्र परमेश्वर हुनुहुन्छ भने केही चिन्ह देखाउनुहोस भनेर मैले प्रार्थना गरेको थिएँ। यस सेन्टरमा आइपुग्दा मेरो प्रार्थना परमेश्वरले सुन्नुभयो भनेर मलाई थाहा भयो" भान बोमेलले भनिन्।

जमघट भएका एडेन्टिस्टहरूले यो कुरा सुनेर परमेश्वरको प्रशंसा गरे। "तपाईंहरूको दयाले मलाई कति छोयो तपाईंहरूलाई थाहा छैन" उनले तिनीहरूलाई सुनाइन्। भान बोमेल अहिले नेदरल्याण्डमा पढछिन्। उनले होपसेन्टरको फेसबुकमा लेखिन् "परमेश्वरले तपाईंहरूलाई आशिष दिऊन्। तपाईंहरूको दयाले अरू धेरै मानिसहरूले पनि आशिष पाऊन्। होपसेन्टर अत्यन्तै सुन्दर अवधारणा हो। यस्ता सेन्टरहरू जर्मनभरि फैलिनु आवश्यक छ, साथै क्यानडा र संसारको अन्य ठाउँहरूमा पनि खोलिनु आवश्यक छ। तपाईंहरूलाई धन्यवाद, मैले खुशीका आँसु झार्दै यो तपाईंहरूलाई लेख्दैछु।"